# नेपाल राष्ट्र बैंक

## केन्द्रीय कार्यालय

विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्याः- ४७१ मितिः २०६४/१०/२४

**नेपाल राष्ट्र बैंक, बैंकिङ्ग कार्यालय थापाथली लगायत अन्य कार्यालय इजाजतपत्रप्राप्त "क" वर्ग र राष्ट्रियस्तरका "ख" वर्गका बैंक तथा वित्तिय संस्थाहरु एवं इजाजत प्राप्त अन्य निकायहरु**

विषयः- विद्युतिय टिकट (Electronic Ticket) को आधारमा राहदानी वापतको सटही सुविधा सम्वन्धि व्यवस्था ।

महाशय,

यस विभागवाट मिति २०६३।१२।११ मा जारी भएको **"राहादानी वापतको सटही सुविधा"** सम्वन्धि इ.प्रा. परिपत्र संख्याः- ४१३ मा उल्लेखित अन्य व्यवस्थाहरु यथावत राखी परिपत्रको दफा ८ मा उल्लिखित **राहदानी वापत सटही सुविधा दिंदा अपनाउनु पर्ने अन्य प्रकृयाहरुः** को खण्ड (ख) को उपखण्ड i) र ii) मा उल्लिखित विद्युतीय टिकट (Electonic Ticket) सम्वन्धि विद्यमान व्यवस्था खारेज गरी निम्नानुसारको व्यवस्था गरीएकोले सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

खण्ड (ख) विद्युतीय टिकट (Electonic Ticket) को आधारमा राहदानी वापतको सटही सुविधा उपलव्ध गराउँदा सटही गरेको विदेशी मुद्रा रकम स्पष्ट बुझिने गरी राहदानी तथा Electonic Ticket मा अंकित गरी सोमा सम्वन्धित अधिकृतले दस्तखत गरी सस्थाको छाप समेत लगाउनु पर्ने छ । यसरी संस्थाको छाप लागि सकेपछी त्यस्ता कागजातको छवी चित्र (Photo Copy) अभिलेखका लागि आफूसंग अनिवार्य रुपमा राख्नु पर्नेछ ।

भवदीय,

कार्यकारी निर्देशक

**बोधार्थः**

१. गभर्नरको कार्यालय
२. डेपुटी गभर्नरको कार्यालय
३ बैंक तथा वित्तीय संस्था नियमन विभाग
४. बैंक सुपरिवेक्षण विभाग
५. वित्तीय सस्था सुपरिवेक्षण विभाग
६. आन्तरिक लेखा परिक्षण विभाग
७. सूचना प्रविधि विभाग :- यस विभागको वेभ साइटमा राखिदिनु हुन ।
८. नेपाल बैकर्स संघ
९. नेपाल विकास बैंक संघ